
# शिक्षा विभागद्वारा सञ्चालन हुने तालिममा सहभागीहरुले TMS मा आफ्नो प्रोफाइल तयार गर्ने तथा तालिमका लागि आवेदन पेश गर्ने प्रकृया सम्बन्धी प्रयोग पुस्तिका

१. युजर बनाउने प्रकृया

- https://training.biwaran.com/ मा browse गर्नुहोस ।




- Register बटनमा क्लिक गर्नुहोस ।
- प्रयोगकर्ता दर्ता फारम भरेर स्वीकृती सहित दर्ता गर्नुहोस बटनमा क्लिक गर्नुहोस । नोटः एउटा PIS नम्बर (सिटरोल दर्ता भएको संकेत नम्बर) र इमेल ठेगानाबाट एक पटक मात्र रजिष्टर हुने भएकाले यदि पहिलेनै दर्ता भएको भए forget password बाट password reset गरेर पुन लगइन गर्दा हुन्छ नयाँ दर्ता गर्न पर्दैन ।



- प्रयोगकर्ता दर्ता फारम submit भएपश्चात प्रणालीले तपाईलाई इमेल verify को लागि तपाइको इमेल ठेगानामा इमेल पठाउँछ उक्त इमेल तपाइको Inbox वा spam मा गएर बसेको हुनसक्छ DoE-TMS बाट आएको इमेलमा भएको लिङ्कमा क्लिक गरेर तपाइले आफ्नो इमेल verify गर्नुपर्ने हुन्छ।
- इमेल verify भएपश्चात तपाईलाई login का लागि access खुला हुन्छ आफ्नो इमेल, पासवर्ड र क्याप्चा राखेर Login गर्न सक्नुहुनेछ।
- Login भएपश्चात तपाइले आफ्नो प्रोफाइलमा डाटा हाल्न पर्छ।




- Dashboard मा भएको नयाँ विवरण थप्नुहोस बटनमा क्लिक गर्नुहोस। खुलेको व्यक्तिगत तथा अन्य विवरण पेश गर्ने फारम भरेर विवरण सुरक्षित गर्नुहोस बटनमा क्लिक गर्नुहोस।
- तपाइले आफ्नो प्रोफाइलमा राखेपश्चात विवरण भएको पेज dashboard मा देखिनेछ। यदि नदिएको खण्डमा पुन नयाँ विवरण थप्नुहोस बटनमा क्लिक गरेर विवरण पेश गर्नुहोस।

२. तालिमका लागि आवेदन पेश गर्ने तरिका

- तालिम व्यवस्थापन मेन्यूमा क्लिक गर्नुहोस।
- मेरो आवेदन sub-menu मा क्लिक गर्नुहोस।
- आवेदन खुलेको भएक खुलेको मिति (AD मा) देखिन्छ र नयाँ आवेदन भन्ने बटन सकृय भएको हुनेछ। तपाइले पहिले कुनै आवेदन पेश गरेको भए त्यहाँ देखा पर्ने छ।




- नयाँ आवेदनका लागि नयाँ आवेदन बटनमा क्लिक गर्नुहोस।
- खुलेको फारम भर्नुहोस। कार्यालयको सहमती पत्र अपलोड गर्नुहोस र आवेदन गर्नुहोस बटनमा क्लिक गर्नुहोस।

- तपाइले पेश गरेको आवेदन लिष्टमा देखिने छ। विवरण पेश भएपश्चात तपाइ तालिममा मनोनयन हुनु भएको खण्डमा विभागले सूचना मार्फत जानकारी गराउने छ।

३. पासवर्ड परिवर्तन गर्न परेमा

- मेन्यूबारको अन्तिममा नेपालको झण्डामुनी देखिएको सानो मान्छे जस्तो देखिएको icon मा क्लिक गर्नुहोस।
- Password change मा क्लिक गर्नुहोस।
- अहिलेको password र नयाँ password राखेर save change मा क्लिक गर्नुहोस। तपाइको नयाँ पासवर्ड सेभ हुनेछ।

*नोटः युजर र पासवर्ड सुरक्षित राख्नुहोस पुन अर्को पटक तालिमका लागि आवेदन गर्न परेमा वा तालिममा सहभागी हँदा दैनिक training activities का लागि तपाइले आफ्नो प्रोफाइल मार्फत नै गर्न पर्ने भएकाले यो तपाइका लागि अनिवार्य छ।*